# कटहरी गाउँपालिकाको शिक्षा योजना
# २०८२-०९१





अध्यक्ष

## कटहरी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**कटहरी, मोरङ, कोशी प्रदेश नेपाल**

CS CamScanner

# हाम्रो भनाइ

वर्तमान समयमा शिक्षालाई व्यक्तिको अधिकारको रुपमा लिइएको छ। नेपालको संबिधान,२०७२ ले नागरिकहरुका लागि आधारभुत तहसम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ।

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ११(२) .(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम ,कर्तव्य र अधिकार उल्लेख गरिएको छ। कटहरी गाउँपालिकाले संबिधान तथा कानुनले प्रदान गरेको अधिकारको प्रयोग गर्दै शैक्षिक विकास,गुणस्तर ,पहुँच र व्यवस्थापनलाई अग्रस्थानमा राखेको छ। शिक्षा क्षेत्रमा संघीय सरकारबाट शिक्षा ऐन तथा नियमावली निर्माण नहुनुले स्थानीय स्तरमा के कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने अन्योल छ। तर पनि समय समयमा आवश्यक ऐन,कानुन र कार्यविधिहरु तर्जुमा गरी तिनको सफल कार्वान्वियनमा कटहरी गाउँपालिका प्रयासरत छ। यस गाउँपालिकामा शिक्षा क्षेत्रको सुधार र विकासका लागि देखिएका समस्या र चुनौतिहरुलाई समाधान गर्दै अघि बढ्न सम्पूर्ण गाउँपालिकावासीहरुको सहयोग निरन्तर जारी रहनेछ भन्ने अपेक्षा र भरोसा गरिएको छ।

कटहरी गाउँपालिकालाई सुन्दर शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई साकार गर्न कटहरी गाउँपालिकाको कार्यपालिकाको निर्णय बमोजिम शैक्षिक व्यक्तित्वहरु र सरोकारवालाहरुको सहभागितामा दश बर्षे शैक्षिक योजना तयार गरिएको छ। विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमहरुका अतिरिक्त अनौपचारिक तथा निरन्तर शिक्षा,प्राविधिक शिक्षा,शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरु विपद व्यवस्थापन,सुशासन र व्यवस्थापनका पक्षहहरुलाई समेटेर तयार पारिएको यस शिक्षा योजनाले कटहरी गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त छौं।

शिक्षाले व्यक्तिलाई ज्ञान उपलब्ध गराउने मात्र नभएर सिप सिकाउन सकेमा उत्पादनमूलक नागरिक तयार हुने भएकोले दक्ष जनशक्तिबाट "शिक्षा,कृषि,उद्योग र पूर्वाधार, कटहरीको मूल आधार" भन्ने कटहरी गाउँपालिकाको नाराले मूर्त रुप पाउन सक्छ। साथै यस गाउँपालिका क्षेत्रको भाषा र सँस्कृतिसँग परिचित, योग ,आहारको ज्ञान भएको, अनुशासन र नैतिकता पालन गर्ने स्वस्थ , सचेत ज्ञान भएको सिपयुक्त र सदाचारी मानवशक्ति तयार गर्ने सोचका साथ यो योजना तयार गरिएको हो। यो योजना दस्तावेज तयारीमा सल्लाह दिनुहुने गाउँपालिका अध्यक्ष श्री देवराज चौधरीज्यू, उपाध्यक्ष श्री सीतादेवी राजबंशीज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री तेजिन्द्र गौतमज्यू, सामाजिक समितिका पदाधिकारीज्यूहरु,शिक्षा समितिका पदाधिकारीज्यूहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरु, प्रधानाध्यापकज्यूहरु, शिक्षाप्रेमी लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद एबम कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछौं।

२०८२ ,असार

कटहरी गाउँपालिका परिवार।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

CamScanner

# कार्यकारी सारांश

योजनाले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी निर्धारित समय भित्र अपेक्षित उपलब्धि हासिल गर्न सहयोग गर्दछ। हामीले बनाएको यस योजनाले पनि निश्चित समयमा उपलब्ध स्रोत साधनबाट अधिकतम उपलब्धि हासिल गर्न सकिन्छ।

हालका दिनहरुमा स्थानीय स्तरका योजना बनाउने अभ्यास बढेको पाइन्छ। यसले स्थानीय सरोकारवालाहरुको सहभागिता रहने भएकोले समुदायको आवश्यकता र चाहनामा आधारित भई योजना निर्माण गरिन्छ। फलस्वरुप स्थानीय सरोकारवालाहरुको योजना प्रति अपनत्व रहनुका साथै कार्वान्वयनमा पनि सहजै सहयोग जुटाउन सकिन्छ। यस योजनामा गाउँपालिकालाई शैक्षिक क्षेत्रमा दिर्घकालमा के कस्तो बनाउने हो भन्ने दुरदृष्टि निर्धारण गरिएको छ। यस दीर्घकालीन सोचलाई मूर्त रुप दिनका लागि उद्देश्य र रणनीतिहरु समेत निर्धारण गरिएका छन्।

नेपालको संबिधान,२०७२ ले माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकारको रुपमा स्थापित गरे सँगै स्थानीय तह द्वारा शिक्षाको विकास योजनावध्द रुपमा गरिनुपर्ने वान्छनीय भएको छ। स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ११ (२). (ज) मा माध्यमिक तह सम्मको व्यवस्थापन का सञ्चालन साथै आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी योजना तर्जुमा, कार्वान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था स्थानीय तहको काम ,कर्तव्य र अधिकार भए अनुरुप यस गाउँपालिकाले पनि गाउँ शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याउन अपरिहार्य भएको हो। नेपाल सरकारले पनि समय समयमा शिक्षा योजना तयार गरी कार्वान्यिवन गरेको पाइन्छ। आ.ब. २०७३/०७४ -२०७९/०८० मा विद्यालय क्षेत्र विकास योजना (७ बर्षे), आ.व. २०७९-०८८ मा विद्यालय  शिक्षा क्षेत्र योजना (१० बर्षे) जस्ता योजनाहरु नेपाल सरकारले तयार गरी कार्वान्वियनमा ल्याएका योजनाहरु हुन्।

यसै सन्दर्भमा कटहरी गाउँपालिका द्वारा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न,व्यवस्थापकीय एबम नियमनकारी निकायहरु र शैक्षिक सँस्थाहरुको क्षमता विकास गरी सँस्थागत सुशासन कायम हुने गरी स्रोत र साधनहरुको व्यवस्थापन गर्दै आर्थिक वर्ष २०८२-०९१ सम्म कार्वान्वयन गरिने १० बर्षे गाउँ शिक्षा योजना तयार गरी कार्वान्वयनमा ल्याउने प्रयास गरिएको छ।

यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाई, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र पेशागत विकास, शिक्षा सँग अन्तर संबन्धित सवालहरु शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम,लगानी र स्रोतको व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन जस्ता सवालहरुमा दश वर्षको उद्देश्य,रणनीति र कार्यक्रमहरु विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

योजनाको सफल कार्वान्वयनको सुनिश्चितताका लागि गाउँसभा, कार्यपालिका ,कर्मचारीवर्ग, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति,सामुदायिक संघ सँस्थाहरुको दृढ प्रतिवध्दताका साथै गैरसरकारी सँस्थाहरुबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ।यस योजनामा अझै समेटिन पर्ने विषयवस्तुहरु तथा कमी कमजोरीहरु र आगामी दिनमा यस योजनालाई अझ व्यवहारिक एवम बस्तुपरक ढङ्गले कार्वान्वयन योग्य बनाउन अमूल्य सुझाव र सकारात्मक राय सल्लाहको अपेक्षा समेत गरिन्छ।

अन्ततः यस गाउँपालिकाले पनि संबिधान तथा कानुन प्रदत्त आफ्नो अधिकारहरुको उपयोग गर्दै दशबर्षे शिक्षा योजना निर्माण गरेको छ।यो योजना शुरुवाती चरणको योजना भएकोले आगामी बर्षहरुमा उपलब्धिको अवस्थालाई मूल्याङ्कन गरी पुनर्योजना पनि गर्नुपर्ने हुन सक्छ।यस योजना कार्वान्वयनका लागि पाँच बर्ष सम्ममा अनुमानित रकम रु. उनान्सत्तरी करोड अठचालीस लाख पच्चीस हजार तथा दश बर्षमा एक अर्ब अठ्ठाइस करोड अठतिस लाख दश हजार खर्च हुने अनुमान गरिएको छ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

# विषयसूची


पृष्ठ

**परिच्छेद-१** — २

१.१ वर्तमान अवस्था

१.२ मुख्य शैषिक समस्याहरू

१.३ शिक्षा क्षेत्रका सबल पक्षहरु

१.४ कमजोरी पक्षहरु

१.५ चुनौतीहरू

१.६ अवसरहरू

**परिच्छेद-२** — १०

सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा अपेक्षित उपलब्धि

**परिच्छेद-३** — १५

३.१ बाल विकास र सिकाई

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

**परिच्छेद-४** — ४४

अन्तरसम्बन्धित विषय तथा क्षेत्र

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.४ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

४.५ विद्यालय भौतिक पूर्वाधार विकास

४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

**परिच्छेद-५** — ६६

अन्य उपक्षेत्र

सुशासन तथा व्यवस्थापन

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

**परिच्छेद-६** — ७२

लगानी र स्रोत व्यवस्थापन

**परिच्छेद-७** — ७८

अनुगमन तथा मूल्याङ्कन



कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल


अध्यक्ष

CamScanner

# कटहरी गाउँपालिकाको गाउँ शिक्षा योजना

## २०८२ - ०९१




**कटहरी गाउँपालिकाको कार्यालय**

**कटहरी, मोरङ**

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष.

CamScanner

# कटहरी गाउँपालिकाको गाउँशिक्षा योजना

## (२०८२ – ०९१)

## परिच्छेद - १ परिचय

नेपाल संघीय गणतन्त्रात्मक राज्य भए संगै राज्य पुर्नसंरचना भई आधारभूत तथा माद्यमिक शिक्षाको अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको एकल अधिकार अन्तर्गत प्रत्यायोजन गरि कार्यान्वयनमा रहेको छ । अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा तथा निशुल्क माद्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ स्थानीय तहहरुले संघीय र प्रदेश सरकारका योजनाहरुलाई मूख्य आधार मानि आफ्ना आवश्यकता र वर्तमान अवस्थालाई मध्यनजर राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । सोहि कार्य प्रारम्भ गर्नुपर्ने सन्दर्भमा कटहरी गाउँपालिकाले यो स्थानीय शिक्षा योजना निर्माण गरिएको छ ।

### १.१ वर्तमान अवस्था

मोरङ जिल्लाका १७ वटा स्थानीय तहहरुमध्ये कटहरी गाउँपालिका जिल्लाको दक्षिण – पश्चिमी भागमा पर्दछ । यसको सिमाना – पूर्वमा रंगेली न.पा.,धनपालथान गा.पा. र जहदा गा.पा., पश्चिममा विराटनगर म.न.पा. ,उत्तरमा ग्रामथान गाउँपालिका , र दक्षिणमा जहदा गाउँपालिका रहेका छन् । यस गाउँपालिकामा केही उधोगधन्दा पनि रहेको छन् । यस गाउँपालिकाको मध्य भाग हुँदै हुलाकी राजमार्ग सडक पूर्व- पश्चिम गएको छ । जसले पश्चिममा विराटनगर र पूर्वमा झापाको भद्रपुर सम्म सम्पर्क गराउन महत्वपूर्ण भूमिका खेलेको छ । यस गाउँपालिकाको कूल क्षेत्रफल ५१.६ वर्ग कि.मीमा फैलिएको छ । जस मध्ये खेती योग्य जमिन ८१.११% रहेको छ। यो गाउँपालिका समुद्र सतहबाट ६२ मिटर देखि ८३ मिटर सम्मको उचाईमा रहेको छ भने ८७° १७' १९.१७" देखि ८७° २४' ४०.३६" पूर्वी देशान्तरमा र २६° १६' १८.४" देखि २६° ३२' १७.९" उत्तरी अक्षांशमा अवस्थित छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा १०,४९५ घरधुरी र ४८,५१० जनसंख्या रहेको छ जसमा पुरुष २४,३४२ र महिला २२,१६८ रहेको छन्। यस गाउँपालिकाको जनघनत्व ९४० प्रत बर्ग कि.मि. रहेको छ। यस गाउँपालिकामा उत्पादकीय क्षेत्रमा लागेका २६,०११ जना मध्ये ३५% कृषि क्षेत्रमा निर्भर रहेका छन्।

अध्यक्ष




*तालिका नं १ उमेर अनुसारको जनसंख्या*

(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)

गाउँपालिकामा जम्मा ७ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाको कूल साक्षरता दर ७१.२ भन्दा माथी रहेको छ । । नेपालको जनगणना २०७८ अनुसार रोजगारीको अवस्था यस्तो रहेको छ । आर्थिक रुपमा सकृय जनसंख्या ३३.२% रहेको छ भने आर्थिक रुपमा सकृय नरहेको जनसंख्या ६६.७% रहेको छ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner




*तालिका नं २ रोजगारीको अवस्था*

(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)

यस गाउँपालिकाको सुविधायुक्त आफ्नै कार्यालय (भवन) छ भने सातवटै वडा समितिका आ-आफ्नै कार्यालय भवनहरु छन् । अधिकांश टोलबस्तीमा विधुत सेवा पुगेको छ भने करिब ७०% जमिनमा सिंचाइ सुविधाको पहुँच रहेको अवस्था छ । यस पालिकामा बसोबास गर्ने मुख्य जातजाति हरुमा सरदार (बाँतर) २८.३%,राजबंशी २०.२%,मुसलमान ११.५% ,मुसहर ८.५%, केवट ८%, र थारु ७.२% समुदाय रहेका छन्। यस पालिकामा रहेको कष्टहरी मन्दिरमा भक्तहरुले भाकल पूजा गरेपछि सबै कष्टहरु हट्ने यहाँको जनविश्वास रहेकोले यसै मन्दिरको नाम कष्टहरीबाट यस गाउँपालिकाको नामाकरण कटहरी गरिएको पाइन्छ । यस गाउँपालिका भरमा कैयौं मन्दिर र थानहरु रहेका छन्। प्रत्येक वर्ष बैशाख महिना भरी हरेक मन्दिर र थानहरुमा मेला लाग्ने गरेको छन् । यहाँको प्रमुख चाडपर्वमा छठ, दशैं,तिहार,जितिया,होली,कृष्णाष्टमी,दुर्गा मेला, बटसाबित्री, चोरचन, शिबरात्री, सिरुवा,इद,बकरीद,बुध्द जयन्ती लगायतका पर्वहरु हुन । यस क्षेत्रमा हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ । धार्मिक , ऐतिहासिक र साँस्कृतिक महत्व बोकेका स्थलहरु बाबा बनस्खन्डी मन्दिर, गैंडसिं महाराजको मन्दिर,दुर्गा मन्दिर,रामजानकी मन्दिर ,शिब मन्दिर हुन् भने पर्यटकीय स्थलहरुमा बालुघाट,गोपाल फनपार्क,आर्यघाट रहेका छन् ।

जातजातिको जनसंख्या प्रतिशत (प्रमुख शीर्ष १०)




धर्मका अनुसार जनसंख्या प्रतिशत




कटहरी गाउँपालिकामा धर्म र जातजातिको अवस्था

(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)

## कटहरी गाउँपालिकाको शैक्षिक अवस्था

कटहरी गाउँपालिकामा जम्मा १९ वटा सामुदायिक विद्यालयहरु छन जस मध्ये आधारभूत तह( कक्षा १-३)का ३ वटा, आधारभूत तह( कक्षा १-८)का १० वटा, आधारभूत तह( कक्षा १-८) का ६ वटा, माद्यमिक तह( कक्षा १-१०) का २वटा, माद्यमिक तह (कक्षा १-१२)का १ वटा र संस्थागत विद्यालयहरु १२ वटा रहेका छन् ,मदरसा ३ वटा छन्। साथै सामुदायिक सिकाइ केन्द्र १ वटा रहेको छ। सामुदायिक विद्यालयहरुमा ८,३११ विद्यार्थीहरु अध्ययनरत छन् जसमा छात्र ४,२८१ र छात्रा ४,०३० छन्। सामुदायिक विद्यालयमा १४० शिक्षक दरबन्दी रहेको छन् । नेपालको जनगणना ,२०७८ अनुसार कटहरी गाउँपालिकाको साक्षरता दर ७१.२% रहेको छ जसमा पुरुषको ७८.२% र महिलाको ६४.१% रहेको छ । नेपालको जनगणना ,२०७८ अनुसार साक्षरताको अवस्था यस प्रकार छ ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner










*तालिका नं ३ साक्षरता र शिक्षाको अवस्था*

*(स्रोत: राष्ट्रिय जनगणना प्रतिवेदन, २०७८)*

## १.२ मुख्य शैक्षिक समस्याहरु

यस पालिकामा विद्यार्थीहरुको विद्यालयमा विद्यार्थीहरुको सिकाइ उपलब्धि कमजोर हुनु मुख्य समस्या रहेको छ ।साथै विद्यालयमा पर्याप्त विषयगत शिक्षक दरबन्दीको अभावमा मानव संसाधन न्यून हुनु, आधुनिक शिक्षण प्रविधिको न्यून प्रयोगले गर्दा विद्यालयमा सिकाइमैत्री वातावरण कमजोर हुनु, सबै तहको शिक्षामा कक्षा छाड्ने र दोहोर्याने संख्या  बढी हुनु ,साक्षरता,निरन्तर शिक्षा र जीवन पर्यन्त शिक्षाको प्रबन्ध नहुनु ,वैकल्पिक सिकाईको प्रबन्ध हुन नसक्नु ,अभिभावक शिक्षाको प्रबन्ध नहुनु, स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुन नसक्नु , सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसक्नु र प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नेतृत्व क्षमता कमोजोर हुनु मुख्य समस्याहरु रहेका छन् ।



CamScanner

## १.३ शिक्षा क्षेत्रका सबल पक्षहरु

- हरेक बर्ष सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान गरिनु,
- पर्याप्त संख्यामा बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता दरबन्दी मौजुदा हुनु,
- हरेक बर्ष विद्यार्थी कल्याणकालागि सामुदायिक विद्यालयहरुलाई शैक्षिक सामग्री,खेल सामग्रीहरु ,होमवर्क डायरी,कापी-पेन्सिल,अंग्रेजी माध्यम पाठ्यसामग्री,एस.इ.इ. परीक्षा केन्द्रित पाठ्यसामग्रीहरु तथा आबश्यकतानुसार ह्वाइट बोर्ड,डष्टबिन बितरण गर्ने गरिएको,
- सबै सामुदायिक विद्यालयहरुमा सुधारात्मक शिक्षणको व्यवस्था गर्न अतिरिक्त कक्षाको व्यवस्था र एस.इ.इ. परीक्षा केन्द्रित अतिरिक्त कक्षा व्यवस्था गरिएको,
- हरेक बर्ष सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई प्रोत्साहन गर्नका लागि शिक्षकहरुलाई ब्याग र पाठनोट सहितको डायरी बितरण गर्ने गरिएको,
- आबश्यकता अनुसार शिक्षकहरुलाई विषयगत तालिम,लेखापालन तालिम, तथ्यांक व्यवस्थापन तालिम, खेल प्रशिक्षक तालिम,कम्प्युटर तालिम जस्ता क्षमता अभिवृध्दि कार्यक्रम सन्चालन गरिएको,
- विद्यालय शान्ति क्षेत्र घोषणा गरिएको,
- शैक्षिक क्यालेन्डर बितरण गर्ने गरिएको,
- सबै विद्यालयहरुमा बालक्लब गठन गरिएको,
- सबै विद्यालयहरुमा विद्यालय फूलबारी निर्माण गरिएको,
- सबै विद्यालयहरुलाई सरसफाई र मरमत खर्च दिने गरिएको,
- विद्यालयहरुमा सघन अनुगमन र निरीक्षण गर्ने गरिएको,
- मासिक रुपमा नियमित प्रधानाध्यापक बैठक गर्ने गरिएको,
- सबै कक्षा कोठाहरुमा पंखा जडान गरिएको र बाल कक्षाहरुमा मेट्रेस तथा कार्पेटको व्यवस्थापन गरिएको,
- सबै विद्यालयहरुमा कम्प्युटर कम्तीमा १ थान, प्रिन्टर १ थान तथा सबै विद्यालयका बाल कक्षाहरुमा एलसिडि टिभी बितरण गरिएको,
- दिवा खाजालाई व्यवस्थित गर्न टिफिन कचौरा बितरण गरिएको,
- दिवा खाजा बितरण गर्न समुदायमा ठूलाठूला तरकारी खेती बारी रहेका,
- विद्यालयहरुमा शिक्षक नियमितता वृध्दि गर्न विद्यालयहरुमा इ-हाजिरी जडान गरिएको,

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

- कक्षा -८ को बार्षिक परीक्षाको अतिरिक्त हरेक बर्ष आधारभुत तहको कक्षा -५ र ८ को स्तरीकृत परीक्षा सन्चालन गरी विद्यार्थीको सिकाई उपलब्धि स्तर परीक्षण गरी उत्कृष्ट विद्यालय र शिक्षकलाई पुरस्कृत गर्ने गरिएको,
- कक्षा १ देखि ५ सम्मका नेपाली,गणित,अङ्ग्रेजी विषयहरुमा न्यूनतम सिकाई मापदण्ड निर्देशिका प्रकाशन गरी कम्तीमा तोकिएका मापदण्डहरु पूरा गरेर मात्र माथिल्लो कक्षा पढ्न अनुमति दिन सकिने व्यवस्था गरिएको,
- विभिन्न कानुन र कार्यविधिहरु निर्माण गरिएकोले सुशासनमा वृध्दि भइरहेको,
- विद्यालय विकासको प्रस्तावना पेश गर्न लगाई शिक्षा नियमावली बमोजिम प्रधानाध्यापक छनोट गर्ने गरिएको,
- भौतिक सुबिधा बिस्तारका कार्यक्रम सन्चालन गर्ने गरिएको,
- विद्यालय भवन आबश्यक संख्यामा रहेका।

**१.४ कमजोरी पक्षहरु**

- शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन नसक्नु,
- अझै पनि केहि विद्यालयहरुमा इ-हाजिरी बितरण गर्न नसकिएको,
- स्थानीय पाठ्यक्रम निर्माण गर्न नसकिएको,
- विद्यालयहरुलाई बालमैत्री बनाउन नसकिएको,
- विद्यार्थीहरुको सिकाई उपलब्धि न्यून हुन,
- अनुगमन र निरीक्षण कार्यमा प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयहरुलाई जिम्मेवार बनाउन नसकिएको,
- विद्यार्थी नियमितता अति न्यून देखिएको स्थितिमा नियमितता वृध्दि गर्न नसकिएको,
- पर्याप्त र सुबिधाजनक फर्निचर व्यवस्थापन गर्न नसकिएको,
- यस गाउँपालिकाका विद्यार्थीहरु छिमेकी पालिकामा रहेका विद्यालयहरुमा अध्ययन गर्न जाने प्रवृत्तिलाई रोक्न नसकिएको।
- अनिवार्य तथा निशुःल्क शिक्षाको कार्यान्वयनका लागि स्थानीय तहमा आवश्यक ऐन नियमावली तथा कार्यविधिहरुको निर्माण गरी कार्यान्वयन गर्न नसक्नु,
- गाउँपालिका भित्र प्राविधिक र व्यवसायिक धारका विद्यालयहरु सन्चालनमा ल्याउन नसक्नु,



CamScanner

- गाउँपालिका भित्र विपन्न विद्यार्थी लक्षित कार्यक्रमहरु सन्चालन गरी सबैलाई शिक्षाको मूलधारमा ल्याउन नसक्नु,
- शैक्षिक योजना निर्माणमा सरोकारवालाहरुको सहभागिता अभिबृद्धि गर्न नसकिएको,
- निम्न माध्यमिक र माध्यमिक तहहरुमा पर्याप्त दरबन्दी र आबश्यक संख्यामा विषयगत दरबन्दी व्यवस्था गर्नु,
- शिक्षकको पूरा कार्य समयलाई कक्षा शिक्षणमा सदुपयोग गर्न नसक्नु,
- शिक्षकहरुले पाठयोजना तयार गरी सो बमोजिम शिक्षण नगर्नु र शैक्षिक सामग्रीको यथेष्ट उपयोग गरी शिक्षण कृयाकलाप नगर्नु।

## १.५ चुनौतीहरु

- छिमेकी गाउँपालिकाका विद्यालयहरु सँग प्रतिष्पर्धा गर्नु, ,
- सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको विश्वास वृध्दि गर्नु ,
- अभिभावकको माग बमोजिम अंग्रेजी माध्यममा शिक्षा दिने सुबिधाजनक विद्यालयहरुको व्यवस्था गर्नु
- अनिवार्य तथा निशुःल्क शिक्षाको कार्यान्वयनका लागि स्थानीय तहमा आवश्यक ऐन नियमावली तथा कार्यविधिहरुको निर्माण गरी कार्यान्वयन गर्नु ,
- शिक्षकको मनोबल बढाउने किसिमका कार्यक्रमहरु ल्याउनु,
- शिक्षकहरुलाई शिक्षण कार्यमा बढी जिम्मेवार गराउने गरी पुरस्कार र दण्डको प्राबधान सहितको कानुन बनाउनु,
- विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सँग जोड्नु र निजले पाउने तलब वृध्दि ,सुबिधा लगायत सँग आबध्द गर्नु,
- दिवा खाजालाई स्थानीय उत्पादनसँग जोडेर व्ववस्थापन गर्नु।

## १.६ अवसरहरु

- आधारभूत तथा माद्यमिक शिक्षा मौलिक हकको रुपमा स्थापति भई तीनै तहका सरकारहरु द्वारा आवश्यक बजेट बृद्धि गर्दै जानु ,
- सार्वजनिक विद्यालय प्रति अभिभावकहरुको चासो बढ्दै जानु,
- प्राविधिक तथा व्यावसायिक तालिमको अवसर बढ्दै जानु,
- विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुबाट समेत विद्यालयहरुमा विभिन्न आर्थिक तथा प्राविधिक सहयोगहरुको बृद्धि हुदै जानु,
- सबै विद्यालयहरुमा क्रमश: आधुनिक शिक्षण प्रविधिका लागि ICT को व्यस्थापन हुँदै जानु ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष.



CamScanner

# परिच्छेद -२

## सोच, लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति तथा अपेक्षित उपलब्धि

### २.१ सोच

" सिपमूलक र गुणस्तरीय शिक्षा ; कटहरी गाउँपालिकाको प्रतिवध्दता" ।

### २.२ लक्ष्य

सबै बालवालिकाहरुलाई विद्यालय शिक्षामा समतामुलक पँहुच सहितको व्यवसायिक र प्रविधियुक्त गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

### २.३ उदेश्य

२.३.१ पूर्वप्राथमिक देखि विद्यालय उमेर समूहका सम्पूर्ण बालवालिकाहरुलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्नु ।

२.३.२ सबै बालवालिकाहरुलाई गुणस्तरीय शिक्षाको अवसर उपलब्ध गराउनु ।

२.३.३ शैक्षिक प्रणालीमा सुशासन कायम गरी सँस्थागत क्षमता विकास गर्नु ।

२.३.४ बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी सिकाई वातावरणमा सुधार ल्याउनु

२.३.५ आपतकालिन अवस्थामा बैकल्पिक सिकाईको प्रभावकारीताको सुनिश्चितता गर्नु ।

२.३.६ प्राविधिक तथा व्यवसायिक शिक्षाको सुनिश्चित गरी स्थानीय स्तरमा स्वरोजगारीका अवसरहरु उपलब्ध गराउनु ।

### २.४ रणनीतिहरु

२.४.१ नक्साङ्कनका आधारमा सुविधायुक्त बालबिकास केन्द्र र विद्यालयहरु समायोजन एवम् विस्तार गर्ने

२.४.२ अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ,

२.४.३ सिकाईका न्यूनतम मापदण्डहरु तयार गरी मानव स्रोतको उत्प्रेरणा तथा सक्षमता अभिबृद्दि गर्ने,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

२.४.४ विद्यार्थीहरुलाई मातृभाषामा सिकाई सहजीकरण गर्ने,

२.४.५ प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तारका लागी आवश्यक पूर्वाधार तथा मानव संसाधनको विकास गर्ने,

२.४.६ शिक्षक पेशागत सहयोग प्रणालीको स्थापना तथा विकास गर्ने,

२.४.७ विद्यमान कानूनहरुको परिमार्जन तथा नयाँ कानूनहरुको तर्जुमा गर्ने,

२.४.५ स्थानीय तहबाट अति विपन्न, अपाङ्ग तथा सिमान्तकृत बालवालिकाहरुको प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने,

२.४.६ शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत वा संकटको पूर्वानुमान,प्रतिकार्य तथा पुनर्स्थापना योजना तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,

२.४.७ बालमैत्री, अपाङ्गमैत्री तथा प्रविधिमैत्री विद्यालयका पूर्वाधार निर्माण गर्ने ।

२.४.८ गाउँपालिका भित्र नमुना विद्यालय ,लिडर र फिडर विद्यालयको प्रणाली विकास गर्ने,

**२.५ कार्यनीतिः**

२.५.१ भौगोलिक अवस्थाका आधारमा बालबिकास केन्द्र तथा विद्यालयहरु समायोजन गरिनेछ ।

२.५.२ विद्यार्थीहरुको भूगोल र संख्याका आधारमा शिक्षक विद्यार्थी अनुपात मिलाई शिक्षक दरबन्दी मिलान गरिनेछ ।

२.५.३ सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरी अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

२.५.४ सरोकारवाला (शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघहरुलाई परिचालन गरी विद्यार्थी भर्नाका लागि घरदैलो अभियान संचालन गरिनेछ ।

२.५.५ छात्रवृत्ति, पाठ्यपुस्तक,स्यानिटरी प्याड तथा शिक्षण सामग्रीहरु समयमै वितरण गरिनेछ ।

२.५.६ विद्यालयमा निर्माण हुने पूर्वाधारमा बालमैत्री तथा अपाङ्गमैत्री निर्माणका लागि मात्रै अनुदान दिइनेछ ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

२.५.७ अति विपन्न तथा न्यून आर्थिक अवस्था भएका अभिभावहहरुको पहिचान गरी तिनका बालबालिकाहरुलाई छात्रबृत्ति, पोषाक,कापी,पेन्सिल र ब्याग वितरण गरिनेछ।

२.५.८ कम्तीमा एउटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिने छ। गाउँपालिका स्थित तीन वटै माद्यमिक विदयालयलाई लिडर विद्यालय तथा अन्य विद्यालयहरुलाई तिनका फिडर विद्यालयका रुपमा रहने गरी संयन्त्र विकास गरिने छ।

## २.६ अपेक्षित उपलब्धि

२.६.१ प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा खुद भर्ना हुने दर ९९% पुगेको हुनेछ।

२.६.२ विद्यालय शिक्षामा विद्यालय उमेर समुहका विद्यार्थीहरुको खुद भर्ना दर शत प्रतिशत हुनेछ।

२.६.३विद्यालयमा भर्ना भएका विपन्न वर्ग तथा अपाङ्गता भएका शत प्रतिशत बालबालिकाहरुलाई छात्रवृत्ति तथा छात्रावासको व्यवस्था भएको हुनेछ।

२.६.४. विद्यालयका सबै भौतिक पुर्वाधारहरु अपाङ्गमैत्री एवम् बालमैत्री हुनेछ।

२.६.५ समुदायको सार्वजनिक विद्यालय प्रति विश्वासको वातावरण तयार हुनेछ।

## २.७ मुख्य कार्य सम्पादन सुचक र लक्ष

| क.स. | सूचकहरु | आधार बर्ष २०८१ को अवस्था | कटहरी | लक्ष्य | |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | २०८५ | २०९० |
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | कुल भर्नादर | १०१ | ८१.३ | ९० | १०० |
| १.२ | चार वर्षका बालबालिकाहरुको खुद भर्ना दर | ७०.२१ | ४७.४ | | |
| १.३ | न्यूनतम् योग्यता पुगेका शिक्षक प्रतिशत | ९७.२ | १०० | | |
| १.४ | तालिम प्राप्त शिक्षक प्रतिशत | | १०० | १०० | १०० |
| १.५ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा | ७६.३ | ८७% | ९० | ९५ |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | | | | |
| २. आधारभूत शिक्षा | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११८.५ | १००.६ | १००.३ | १००.१ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९३.७ | ९५.९ | ९७ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | १३०.५ | ९०.८ | ९३ | ९७ |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९४.४ | ९५.४ | ९७ | ९८ |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | १२४.८ | ९२.६ | ९५ | ९८ |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९४.१ | ९५.५ | ९७ | ९९ |
| २.७ | कक्षा १-८ को खुद भर्नादरमा लैंगिक समता सूचकांक | १.० | ०.९४ | ०.९६ | ०.९९ |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८६.५ | ८८.१ | ९२ | ९७ |
| २.९ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८२.४ | | | |
| २.१० | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९% | १०.४% | ५ | २ |
| ३. माध्यमिक शिक्षा | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ९९.१ | ८७.५ | ९३ | १०० |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ७५.८ | ७७.७ | ८५ | ९५ |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ८०.६ | ४०.२ | ५० | ६० |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ५५.८ | ३२.६ | ४० | ६० |
| ३.५ | कुल भर्नादर कक्षा ११-१२ | | १२.१ | २० | ४० |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | | ५.८ | १० | १५ |
| ४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | | | | | |
| ४.१ | ५ वर्षमाथिको साक्षरता दर | ७८ | ७१.२ | ८० | ९० |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९२ | | | |
| ४.३ | १५ वर्षमाथिको साक्षरता दर | ५८ | | | |
| ५. महिला शिक्षक प्रतिशत | | | | | |
| ५.१ | आधारभूत तह | ४०.७ | | | |
| ५.२ | माध्यमिक तह | २९.७ | | | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| **६. प्राथमिकता प्राप्त न्यूनतम् सक्षमता पूरा गरेका विद्यालय प्रतिशत** | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास केन्द्र | ४.६ | | | |
| ६.२ | आधारभूत विद्यालय | | | | |
| ६.३ | माध्यमिक विद्यालय | | | | |
| **७. राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | | १० | | | |

(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन तथा CEHRD द्वारा प्रकाशित Flash Report,2081 )

अध्यक्ष



CamScanner

# परिच्छेद - ३

## ३.१ बालविकास र सिकाइ

### ३.१.१ परिचय

बालविकास भन्नाले बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक र नैतिक आदि पक्षमा आउने सम्पुर्ण परिमाणात्मक र गुणात्मक परिर्तनको सिङ्गो प्रकृया हो । बालबिकास तथा शिक्षा विद्यालय जान पूर्वका बालबालिकाहरुको सर्बाङ्गिण सहयोग गरि आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विभिन्न समयावधिमा सञ्चालन गर्ने भएतापानि ४ वर्ष पुरा भएका बालबालिकाहरुका लागि एक वर्षको प्रारम्भिक बालबविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौ योजनामा पनि सोहि व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ का अनुसार प्रारम्भिक बालबिकास कक्षा र बालबिकास तथा स्याहार केन्द्रहरुमा बालबालिका सुरक्षा, पोषण, खेल सामग्री, शयन कक्ष, भवन कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार बाल स्याहार तथा सिकाइ सहजीकरण गर्ने र व्यक्तिको योग्यता र क्षमता भएको जनशक्ति प्रारम्भिक बालबिकास सहजीकरण प्रकृयासँग सम्बन्धित विभिन्न पक्षको राष्ट्रिय मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु आवश्यक छ।।

### ३.१.२ वर्तमान अवस्था

कटहरी गाउँपालिकामा जम्मा १९ वटा विद्यालयहरुमा ४४ वटा बालबिकास केन्द्रहरु रहेका छन् जसमा जम्मा ४४ जना बाल विकास सहजकर्ताहरु कार्यरत छन् । नेपालमा संघियताको कार्यान्वयन संगै सबै समुदायमा आधारित बालबिकास केन्द्रहरु विद्यालयमा समायोजन गरिएको छ । बालबिकास केन्द्रमा शैक्षिक सत्र २०८१ मा जम्मा १७६५ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने सहजकर्ता बालवालिका अनुपात १:४० रहेको छ । अधिकासं बालविकास केन्द्रहरु प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७ बमोजिम सञ्चालन नभएको देखिन्छ । । उमेर समुह ४ वर्ष सम्मका बालबालिकाको कुल संख्याका आधारमा प्रारम्भिक बालविकास शिक्षाको खुद भर्नादर ४७.४% रहेको छ ।

### प्रारम्भिक बालविकास शिक्षाको बर्तमान बिबरण

| बिबरण | बर्तमान अवस्था |
|---|---|
| सामुदायिक बालबिकास केन्द्र संख्या | ४४ |
| सँस्थागत बालबिकास केन्द्र संख्या | १३ |
| सामुदायिक बालबिकास केन्द्रमा विद्यार्थी संख्या | ८११ |
| बालबिकास केन्द्र विद्यार्थी संख्या | १७६० |
| प्रारम्भिक बालबिकासमा कुल शिक्षामा भर्ना दर | ८१.३% |
| प्रारम्भिक बालबिकास खुद शिक्षामा भर्ना दर | ४७.३% |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

CamScanner

| | |
|---|---|
| प्रारम्भिक बालबिकास को अनुभव लिई कक्षा १ मा भर्ना भएका विद्यार्थी प्रतिशत | ८७% |

**बालबिकास केन्द्र विद्यार्थी संख्या**

| सामुदायिक | | | सँस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ४०० | ४३१ | ८३१ | ३७० | ५५९ | ९२९ | ७७० | ९९० | १७६० |

**सबल पक्षहरु:**

- सबै जसो बालबिकास केन्द्रहरुमा एलसिडि टिभी उपलब्ध छ।
- सबै जसो बालबिकास केन्द्रहरुमा म्याट्रेस बिछ्याएर कार्पेट लगाइएको छ।
- सबै जसो बालबिकास केन्द्रहरुमा भित्ते लेखन गरिएको छ।
- सबै जसो बालबिकास केन्द्रहरुमा खेल सामग्री र शैक्षिक सामग्री उपलब्ध छ।
- बाल बिकास केन्द्रका हरेक सहजकर्ताहरुलाई संघबाट निकासा भएको पारिश्रमिक रकम रु.१०,०००/ प्रति महिनामा गाउँपालिकाबाट रु. ७,०००/- थप गरी सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु. १७,०००/- उपलब्ध गराइएको छ।
- बाल बिकास केन्द्रका हरेक सहजकर्ताहरुलाई समय समयमा क्षमता अभिवृध्दि कार्यक्रम सन्चालन गरिएको छ।
- बाल विकास केन्द्रका विद्यार्थीहरुलाई कापी ,पेन्सिल,अंग्रेजी माध्यम पाठ्यसामग्री र दिवा खाजा तथा टिफिन बाकस बितरण गरिएको छ।

**कमजोर पक्ष:**

- केहि बालबिकास केन्द्रहरुमा एलसिडि टिभी उपलब्ध गराउन सकिएको छैन।
- अझै पनि एउटा बालबिकास केन्द्रहरुमा विद्युतिकरण भएको छैन।
- बालबिकास केन्द्रको समुचित व्यवस्थापन गरी सबै सुबिधा पुर्याउन सकिएको छैन।
- बालवालिकहरुको विद्यालय उपस्थितिमा नियमितता नहुनु।

**चुनौति:**

- ३-५ बर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई बालबिकास केन्द्रहरुमा भर्ना गराउन नसक्नु।
- बालबिकास केन्द्रहरुलाई आधुनिक सुबिधा सहितको कक्षाकोठा व्यवस्था गर्न सकिएको छैन।
- बालमैत्री बालविकास केन्द्र बनाउन सकिएको छैन।

अध्यक्ष

- सबै बालबालिकाहरुको विद्यालयमा समतामुलक पहुँच नहुनु,
- , मापदण्ड बमोजिम बालविकास केन्द्रहरु सञ्चालन नहुनु
- संस्थागत क्षमता कमजोर हुनु,
- बालविकास सहजकर्ताको आवश्यकतानुसार क्षमता विकास गर्न नसक्नु।

अवसर:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बालविकासम्बन्धी नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्याङ्कन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको,
- अभिभावकहरुको बालविकास केन्द्र प्रतिको चासो बढ्दै गएको,
- विद्यालयहरु प्रविधिमैत्री हुंदै जानु,
- शिक्षाको पहुँच र गुणस्तर अभिबृद्धि गर्ने महत्वपुर्ण कार्यहरु शुरु हुनु ।
- अन्य सहयोगी र दातृ निकायहरुले समेत हातेमालो गर्नु।

### ३.१.३ उद्देश्य

- प्रारम्भिक बालबिकास शिक्षामा सहभागितामुलक पहुँच बढाउनु,
- प्रारम्भिक बालबिकास को खुद भर्नादर सत प्रतिसत पुर्याउनु,
- गुणस्तरीय बालविकास शिक्षाको सुनिश्चितत गर्नु।

### ३.१.४ रणनीति

- भर्ना अभियानलाई सशक्त बनाइने छ।
- बालबालिकाहरुको खुद भर्ना दर र कुल भर्नादर लाई शत प्रतिसत पुर्याइने छ।
- नमुना बालविकास केन्द्र स्थापना गरिने छ,
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गरिने छ,
- प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गरिने छ,
- बालविकास शिक्षकमा महिलालाई प्रथामिकता दिइने छ,
- निरन्तर रुपमा सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिने छ,
- बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गरिने छ,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

- राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गरिने छ,
- नक्साङ्कन गरी बालबिकास केन्द्रहरुको समायोजन गरी पुनःवितरण गरिनेछ ,
- विपन्न, अपाङ्गता र सिमान्तकृत बालबालिकाहरुलाई प्रोत्साहनमुलक विशेष व्यवस्था गरिनेछ ,
- अभिभावक सचेतना शिक्षाको प्रवर्धन गरिनेछ ,
- स्वास्थ्य तथा पोषण कार्यक्रमहरु सञ्चलन गरिनेछ ,
- बालमैत्री पूर्वाधारयुक्त कक्षाकोठा व्यवस्थापन गरिनेछ ,
- न्यूनतम मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ,
- सहजकर्ताहरुको क्षमता विकास गरिनेछ ,
- योग्यतामा आधारित वृत्तिविकास र स्तर बृत्तिको अवसर प्रदान गरिनेछ ।

**३.१.५ उपलब्धि, नतिजाहरु, मुख्य क्रियाकलापहरु र भौतिक लक्ष**

क) उपलब्धि

- सबै बालबालिकाहरुको गुणस्तरीय बालबिकास तथा शिक्षामा समान पहुँच सुनिश्चित हुने ।
- गुणस्तरीय प्रारम्भिक बालबिकास तथा शिक्षण सिकाईको अवस्थामा सुधार भएको हुने।

ख) अपेक्षित नतिजाहरु

- बालबिकास केन्द्रहरुको नक्शाङ्कन सहित न्यूनतम मापदण्ड( बालमैत्री धारा,धूलो र चिसो रहित बसाई,सिकाईका ६ क्षेत्रहरु,साबुन सहितको धारा र तालिम प्राप्त सहजकर्ता) पूरा भएको हुने छ,
- गैर सरकारी संस्थाहरुको साझेदारीमा कार्यक्रम सञ्चालन हुने छ,
- प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन भएको हुने छ,
- अभिभावकहरुमा सचेतना बृद्धि हुने छ,
- बालमैत्री कक्षाकोठा ब्यवस्थापन भएको हुने छ,
- सहजकर्ताको क्षमतामा बृद्धि हुने छ,
- प्रभावकारी अनुगमन भएको हुने छ।

अध्यक्ष

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

## ग) मुख्य क्रियाकलापहरु तथा भौतिक लक्ष्य

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वियनबाट हासिल हुने मुख्य नतिजा*

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना दर | ८१.३ | ८१.३ | ८४ | ८६ | ८९ | ९१ | १०० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको प्रतिसत | ८७ | ८७ | ८९ | ९० | ९१ | ९२ | १०० |

*योजनाको कार्यान्वियनबाट हासिल हुने मुख्य कृयाकलाप र भौतिक लक्ष*

| क्र स | मुख्य कियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | १० वर्ष | |
| १ | -प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | |
| २ | प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको सुनिश्चितताका लागि सहयोग कार्यक्रम सन्चालन | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | प्रस्तावनाका आधारमा। |
| ३ | प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको सिकाईका ६ वटा क्षेत्रमा आधारित शैक्षिक सामग्रीको विकास , बितरण र व्यवस्थापन | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | |
| ४ | -बालबिकास केन्द्र नक्साङ्कन गरी | १९ | १ | | | | | १९ | सबै | संघको |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

| क्र स | मुख्य कियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | १० वर्ष | |
| १ | -प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | |
| २ | प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको सुनिश्चितताका लागि सहयोग कार्यक्रम सन्चालन | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | प्रस्तावना का आधारमा |
| ३ | प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको सिकाईका ६ वटा क्षेत्रमा आधारित शैक्षिक सामग्रीको विकास , बितरण र व्यवस्थापन | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | |
| | पुनर्वितरण गर्ने<br>- बालबिकास केन्द्रहरुको मापदण्ड विकास एवम् प्रवोधिकरण गर्ने | विद्यालय | पटक | | | | | विद्यालय | | मापदण्ड बमोजिम स्थानीय तहले कार्यविधि बनाइ गर्ने |
| ५ | -गैर सरकारी संस्थाहरुलाई लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने<br>- लागत साझेदारीमा विद्यालयलाई पनि समावेश गर्ने | सबै विद्यालयमा | सधै | | | | | | | लागत साझेदारी पालिकाबाट ६०% विद्यालयबाट ४०% हुने |
| ६ | -विपन्न समुदायका बालबालिकाहरुका लागि पोषाक वितरण गर्ने<br>- बालबालिकाका अभिभावकहरुलाई पालिकाबाट प्रदान गरिने सेवामा छुट दिने | प्रतिवर्ष | १ | १ | १ | १ | १ | ५ पटक | निरन्तर | विपन्न समुदायका बालबालिकाहरु पहिचान गरी स्थानीय तहबाट |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

| क्र स | मुख्य क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | १० वर्ष | |
| १ | -प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | |
| २ | प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको सुनिश्चितताका लागि सहयोग कार्यक्रम सन्चालन | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | प्रस्तावनाका आधारमा। |
| ३ | प्रारम्भिक बालबिकास शिक्षाका न्यूनतम मापदण्डको सिकाईका ६ वटा क्षेत्रमा आधारित शैक्षिक सामग्रीको विकास , बितरण र व्यवस्थापन | १९ विद्यालय | ५ | ५ | ५ | ४ | | १९ | १९ | |
| ७ | -आमा समुह गठन गर्ने कार्यक्रम<br>-अभिभावक अभिमुखीकरण गर्ने कार्यक्म सन्चालन | १९ विद्यालय | ५ | ५ | ९ | | | १९ विद्यालय | सबै | शिक्षा शाखा |
| ८ | -विभिन्न किसिमका खेलकुद सामग्री वितरण गर्ने<br>-कक्षाकोठामा Mural Arts drawing गर्ने र भित्तेलेखन<br>- बालबालिकाहरुका लागि सयन कक्षको व्यवस्थापन गर्ने | १९ | ५ | ५ | ५ | ४ | | १९ विद्यालय | सबै | स्थानीय तह |
| ९ | -सेवाकालिन तालिम<br>-क्षमता अभिबृध्दि तालिम<br>-नियुक्तिमा नयाँ मापदण्ड लागू गर्ने | ४४ जना<br>१ पटक | २२ | २२ | १५ | २२ | २२ | | सबै | स्थानीय तह |
| १० | - पालिकाबाट हरेक महिनामा कम्तिमा २ बालबिकास केन्द्रहरु अनुगमन गर्ने<br>- वडा शिक्षा समितिबाट नियमित अनुगमन गर्ने | १९ विद्यालय | महिनामा २ पटक | | | | | | सबै | पालिका, शिक्षा शाखा र सम्बन्धित वडा |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

- कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ८७% रहेको छ।
- विद्यालय बाहिर रहेका बालबालिकाको ४-१७ बर्ष उमेर समूहका सङ्ख्या ८१४ ( करीब १०%) रहेको छ।
- आधारभूत शिक्षामा कक्षा दोहोऱ्याउने ८.२% तथा छाड्ने १०.६% रहेको छ।
- कक्षा १-५ सन्चालित सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:२५ र कक्षा ६-८ को मात्र शिक्षक विद्यार्थी अनुपात १:६० रहेको छ।
- विद्यालय विद्यार्थी अनुपात १:४३७ रहेको छ।
- दिवा खाजा बितरणको लागि टिफिन बक्स बितरण गरिएको साथै खाजा बिविधता र पोषणको व्यवस्थापन हुने गरी प्रधानाध्यापक बैठकबाट तालिका तयार गरी निर्णय गरी कार्वान्वयनमा ल्याइएको,
- सबै विद्यालयहरुमा खानेपानी ट्युबवेल, फिल्टर, डष्टबिनहरु,कम्प्युटर र प्रिन्टर,नेट जडान, विद्युतीकरण को व्यवस्था भइसकेको। साथै अधिकांश आधारभुत तहका विद्यालयहरुमा पुस्तकालय, र विज्ञान प्रयोगशालाको व्यवस्थापन भएको,
- सबै विद्यालयहरुमा बाताबरणमैत्री फूलबारी व्यवस्थापन भएको,
- सबै विद्यालयहरुलाई सरसफाई र मरमत खर्च उपलब्ध गराइएको।
- हरेक शैक्षिक सत्रमा दरबन्दी मिलान गर्ने गरिएको।
- सबैजसो विद्यालयहरुमा सुरक्षित कम्पाउन्ड वाल,मैदान र गेट रहेको।
- सबैजसो विद्यालयहरुमा खेल सामग्री र शैक्षिक सामग्रीहरुको यथेष्ट व्यवस्था गरिएको।
- नेपाल सरकारबाट उपलब्ध हुने स्यानिटरी प्याड र दिवा खाजाको समुचित वितरणको प्रबन्ध मिलाइएको छ।

**शैक्षिक सत्र- २०८१ को आधारभुत शिक्षाको बिबरण**

| | |
|---|---|
| आधारभुत तहका सामुदायिक विद्यालय संख्या (धार्मिक विद्यालय समेत) | १० |
| आधारभुत तहका सँस्थागत विद्यालय संख्या | ७ |
| कक्षा १-८ सन्चालित सबै प्रकारका विद्यालयका विद्यार्थी संख्या | ५७२२ |
| कक्षा १-८ सन्चालित सामुदायिक विद्यालयका विद्यार्थी संख्या | ३७४९ |
| कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ८७% |
| कक्षा १ को खुद प्रवेश दर | ४७.४ |
| कक्षा १ को कुल प्रवेश दर | ८१.३ |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| कक्षा ६-८ को खुद भर्ना दर | ९५.५ |
| कक्षा ६-८ को कुल भर्ना दर | ९२.६ |
| ४-१७ बर्ष उमेर समूहका विद्यालय बाहिर रहेका विद्यार्थी | १०.४% (८१४ जना) |
| कक्षा-८ को टिकाउ दर | ८८.१ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -५ अंग्रेजी विषयको औषत सिकाई उपलब्धि प्रतिसत | २२.२ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -५ नेपाली विषयको औषत सिकाई उपलब्धि प्रतिसत | ३२.९ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -५ गणित विषयको औषत सिकाई उपलब्धि प्रतिसत | २७.३ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -५ विज्ञान विषयको औषत सिकाई उपलब्धि प्रतिसत | ३३.० |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -८ अंग्रेजी विषयको औषत सिकाई उपलब्धि प्रतिसत | २२.७ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -८ नेपाली विषयको औषत सिकाई उपलब्धि प्रतिसत | २२.७ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -८ गणित विषयको औषत सिकाई उपलब्धि प्रतिसत | १८.५ |
| गाउँपालिका द्वारा सन्चालित स्तरीकृत परीक्षामा कक्षा -८ विज्ञान विषयको औषत सिकाई उपलब्धि प्रतिसत | २२.३ |

**स्थानीय तहले गरेका असल अभ्यास (सबल पक्षहरु)**

- हरेक बर्ष शिक्षक दरबन्दी मिलान गरिएको,
- हरेक बर्ष विद्यार्थी कल्याणकालागि विद्यालयहरुलाई शैक्षिक सामग्री,खेल सामग्रीहरु ,होमवर्क डायरी,कापी-पेन्सिल,अंग्रेजी माध्यम पाठ्यसामग्री,कक्षा-८ परीक्षा केन्द्रित पाठ्यसामग्रीहरु तथा आबश्यकतानुसार ह्वाइट बोर्ड,डष्टबिन बितरण गर्ने गरिएको,
- सबै विद्यालयहरुमा सुधारात्मक शिक्षणको व्यवस्था गर्न अतिरिक्त कक्षाको व्यवस्था गरिएको,
- विद्यालय शान्ति क्षेत्र घोषणा गरिएको,
- शैक्षिक क्यालेन्डर बितरण गर्ने गरिएको,
- सबै विद्यालयहरुमा बालक्लब गठन गरिएको,
- सबै विद्यालयहरुमा विद्यालय फूलबारी निर्माण गरिएको,
- सबै विद्यालयहरुलाई सरसफाई र मरमत खर्च दिने गरिएको,
- विद्यालयहरुमा सघन अनुगमन र निरीक्षण गर्ने गरिएको,

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

- मासिक रुपमा नियमित प्रधानाध्यापक बैठक गर्ने गरिएको,
- सबै कक्षा कोठाहरुमा पंखा जडान गरिएको,
- दिवा खाजालाई व्यवस्थित गर्न टिफिन कचौरा बितरण गरिएको,
- दिवा खाजा बितरण र छात्राहरुलाई स्यानिटरी प्याड बितरण गर्ने गरिएको,
- छात्रवृत्ति र सबै विद्यार्थीहरुलाई नि:शुल्क पाठ्यपुस्तक बितरण गर्ने गरिएको,
- कक्षा -८ को बार्षिक परीक्षाको अतिरिक्त हरेक बर्ष आधारभुत तहको कक्षा -५ र ८ को स्तरीकृत परीक्षा सन्चालन गरी विद्यार्थीको सिकाई उपलब्धि स्तर परीक्षण गरी उत्कृष्ट विद्यालय र शिक्षकलाई पुरस्कृत गर्ने गरिएको,
- कक्षा १ देखि ५ सम्मका नेपाली,गणित,अङ्ग्रेजी विषयहरुमा न्यूनतम सिकाई मापदण्ड निर्देशिका प्रकाशन गरी कम्तीमा तोकिएका मापदण्डहरु पूरा गरेर मात्र माथिल्लो कक्षा पढ्न अनुमति दिन सकिने व्यवस्था गरिएको,
- विद्यार्थी अनुपस्थितिको अवस्था सुधार सम्बन्धमा अन्तरकृया गरी यसका उपायहरु सुझाइएको।
- भौतिक सुबिधा बिस्तारका कार्यक्रम सन्चालन गर्ने गरिएको,
- पर्याप्त दरबन्दी नभएका विद्यालयहरुमा गाउँपालिकाबाट १/१ वटा गणित/विज्ञान स्वयमसेवक शिक्षक दरबन्दी उपलब्ध गराइएको,
- शिक्षकहरुलाई क्षमता अभिवृध्दि कार्यक्रम सन्चालन गरिएको,
- विद्यालय भवन र कक्षा कोठा आबश्यक संख्यामा रहेका।

**कमजोरीहरु**

- आधारभुत तह शिक्षामा पर्याप्त बजेट व्यवस्थापन गर्न नसकिएको,
- सिकाई उपलब्धि स्तर अति न्यून रहेको, तल्लो कक्षाहरुको सिकाई उपलब्धि अपेक्षाकृत न्यून देखिएको,
- कक्षा छाड्ने दर, कक्षा दोहोर्याउने दर निराशाजनक रहेको,
- अझै केहि विद्यालयहरुमा इ-हाजिरी , पर्याप्त फर्निचर, विज्ञान प्रयोगशाला व्यवस्थापन गर्न नसकिएको,
- अझै सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्वान्वयनमा ल्याउन नसकिएको ।

**चुनौतिहरु**

- आधारभुत तहका कक्षा ६-८ मा पर्याप्त र विषयगत दरबन्दी व्यवस्था गर्न नसकिएको,
- आधारभुत तहका विद्यार्थीहरुलाई नियमित उपस्थित गराउन नसकिएको,
- आधारभुत तहको शैक्षिक क्षतिलाई घटाउन नसकिएको,
- अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्थाको प्रत्याभूति गराउन नसकिएको,
- आधारभुत तह शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्न नसकिएको,
- आधारभुत तहको शिक्षामा गैरसरकारी र निजी क्षेत्रको पर्याप्त भूमिका जुटाउन नसकिएको,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

- आधारभुत तहमा सिकाई उपलब्धिको स्तर उल्लेख्य सुधार गर्न नसकिएको,
- अभिभावक सहभागिता वृध्दि गर्न नसकिएको,
- शिक्षकहरु द्वारा पर्याप्त शैक्षिक सामग्रीको प्रयोग ,पाठयोजना आधारित शिक्षण, होमवर्क डायरीको उपयोग, कार्यमूलक अनुसन्धान, शिक्षण योजना (TIP) मा आधारित शिक्षण, शिक्षकले कक्षाकोठामा बिताउने समयको अवस्थामा सुधार ल्याउन नसकिएको।
- विद्यालय निरीक्षण र कक्षा कोठा अवलोकनलाई संगठित,प्रणालीबध्द र नियमित बनाउन नसकिएको।

**अवसरहरु**

- नेपालको मौजुदा संबिधानमा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिएको,
- आधारभुत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क हुने संबैधानिक व्यवस्था छ।
- नेपालको मौजुदा संविधानले आधारभुत तह सम्मको शिक्षा समेतको व्यवस्थापन गर्न स्थानीय तहको एकल अधिकारको रुपमा स्थापित गरेको छ।
- शिक्षामा निजी र गैरसरकारी संघ/सँस्थाहरुको योगदान र चासो बढ्दो क्रममा छ।
- विद्यालयहरु प्रतिरक्षात्मक बन्दै गएका,सुधारोन्मुख रहेका र नयाँ अभ्यासमा उद्यत रहेका देखिन्छन्।

**प्रमुख समस्याहरु**

- आधारभुत तहका कक्षा ६-८ मा पर्याप्त र विषयगत दरबन्दी व्यवस्था गर्न नसक्नु,
- आधारभुत तहका विद्यार्थीहरुलाई नियमित उपस्थित गराउन नसक्नु,
- आधारभुत तहको शैक्षिक क्षतिलाई घटाउन नसक्नु,
- अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्थाको कार्यान्वयन गराउनु,
- आधारभुत तह शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गराउनु,
- आधारभुत तहको शिक्षामा गैरसरकारी र निजी क्षेत्रको पर्याप्त भूमिका जुटाउन नसक्नु,
- आधारभुत तहमा सिकाई उपलब्धिको स्तर उल्लेख्य सुधार गर्न नसक्नु,
- अभिभावक सहभागिता वृध्दि गर्न नसक्नु,
- शिक्षकहरु द्वारा पर्याप्त शैक्षिक सामग्रीको प्रयोग ,पाठयोजना आधारित शिक्षण, होमवर्क डायरीको उपयोग, कार्यमूलक अनुसन्धान, शिक्षण योजना (TIP) मा आधारित शिक्षण, शिक्षकले कक्षाकोठामा बिताउने समयको अवस्थामा सुधार ल्याउन नसक्नु।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

- विद्यालय निरीक्षण र कक्षा कोठा अवलोकनलाई संगठित,प्रणालीबध्द र नियमित बनाउन नसक्नु।

३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ,
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु ,
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिनेछ ,
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ,
३. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा बहुकक्षा-बहुतह शिक्षण सिकाइका नमुना प्रवर्द्धन गरिनेछ,
४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गरिनेछ ,
५. प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप प्रवर्द्धन गरिनेछ,
६. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराइनेछ ,
७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ,
८. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरिनेछ ,
९. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिनेछ ,
१०. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ,
११. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याइनेछ,,
१२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ,
१३. विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिनेछ ,
१४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ,
१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिनेछ,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरिनेछ ,

१७. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गरिनेछ,

१८. विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, वृक्षरोपण आदि जस्ता कार्यक्रम समावेश गरिनेछ ,

१९. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्वान्यनमा ल्याइने छ।

२०) मासिक रुपमा विद्यार्थी हाजिरी दिन कक्षागत रुपमा प्रकाशन गरिने छ र औषत अनुपस्थिति दर हेरी निजका अभिभावक सँग भेटघाट/ अन्तरकृया कार्यक्रम सन्चालन गरिने छ।

२१) वार्षिक रुपमा विद्यार्थी नतिजा प्रकाशन अनिवार्य गरी अभिभावकलाई निजको सन्ततिको प्रगति बिबरण जानकारी गराइने छ।

## ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

*योजनाको कार्यान्वियनबाट हासिल हुने मुख्य उपलब्धिहरु*

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने छ ।
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।

### प्रमुख कृयाकलाप तथा लक्ष्यहरु

| क.सं. | सूचक (उदाहरण) | एकाई | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | भौतिक लक्ष(१० बर्षमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | प्रतिसत | १०.४% | ८% | ७% | ५% | ४% | २% | २% | ०% |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | प्रतिसत | १००% | - | - | - | - | १००% | १००% | १००% |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | विद्यालय | ६ | १ | १ | १ | १ | १० | १० | १९ |
| ४ | शिक्षक दरबन्दी मिलान | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | हरेक बर्ष १ पटक | हरेक वर्ष १ पटक |
| ५ | स्वयमसेवक शिक्षकको व्यवस्था | संख्या | ३ | १ | १ | १ | १ | १ | ८ | १८ |
| ६ | अभिभावक शिक्षा सन्चालन | पटक | ४ | ३ | ३ | ५ | ४ | ५ | २४ | ४४ |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधर विकास(भवन तथा कक्षाकोठा,फर्निचर,शौचालय,खानेपानी,खेलमैदान,घेरावारा,खाजा घर) | विद्यालय संख्या | २ | २ | २ | २ | २ | २ | १२ | १९ |
| ८ | शैक्षिक सामग्रीको वितरण र व्यवस्थापन | विद्यालय संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ९ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रबोधीकरण कार्यक्रम | विद्यालय संख्या | - | १ | १ | १ | १ | - | ४ | आवश्यकता अनुसार |
| १० | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्यन | पटक | - | १ | - | - | - | - | १ | १ |
| ११ | सिकाईका लागि सुधारात्मक कक्षा सन्चालन | विद्यालय संख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | नमुना आधारभुत विद्यालय निर्माण कार्यक्रम | विद्यालय संख्या | ० | १ | ० | १ | ० | १ | ३ | ३ |
| १३ | उत्कृष्ट शिक्षक छनोट र सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | उत्कृष्ट विद्यालय छनोट र सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | विद्यालयका बालबालिकाहरुको बार्षिक २ पटक स्वास्थ्य परीक्षण कार्यक्रम | विद्यालय संख्या | ७ | ७ | ५ | ७ | ७ | ५ | ३१ | २० |
| १६ | प्रधानाध्यापक बैठक | पटक | १२ | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० |
| १७ | सिकाई उपलब्धि वृध्दिका लागि छलफल र अन्तरकृया | पटक | - | १ | १ | १ | १ | १ | ५ | १० |
| १८ | दिवा खाजा कार्यक्रमको व्यवस्थापन | पटक | - | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | शिक्षकहरबाट TIP निर्माण र कार्वान्वयन/समीक्षा | विद्यालय संख्या | - | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| २० | शिक्षकले कक्षाकोठामा बिताउने समयको योजना निर्माण एबम कार्वान्वयन | विद्यालय संख्या | - | १ | १ | १ | १ | ५ | ५ | १९ |
| २१ | विद्यालय भर्ना कार्यक्रम | विद्यालय संख्या | - | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| २३ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

- कक्षा ९-१२ को खुद भर्ना दर ३२.६ र कुल भर्ना दर ४०.२ रहेको छ।
- माध्यमिक शिक्षामा कक्षा दोहोऱ्याउने दर १.३% तथा छाड्ने दर ०.६% रहेको छ।
- कक्षा ९-१० सन्चालित सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:४१ र कक्षा ११-१२ को मात्र शिक्षक विद्यार्थी अनुपात १:६९ रहेको छ।
- विद्यालय विद्यार्थी अनुपात १:२०९ रहेको छ।
- सबै विद्यालयहरुमा भौतिक पूर्वाधार तर्फ खानेपानी ट्युबवेल, फिल्टर, डष्टबिनहरु,कम्प्युटर र प्रिन्टर,नेट जडान, विद्युतीकरण को व्यवस्था भइसकेको साथै सबैजसो विद्यालयहरुमा सुरक्षित कम्पाउन्ड वाल,मैदान र गेट रहेका। सबै माध्यमिक तहका विद्यालयहरुमा कम्प्युटर कक्ष, पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्थापन भएको।
- सबै विद्यालयहरुमा बाताबरणमैत्री फूलबारी व्यवस्थापन भएको।
- सबै विद्यालयहरुलाई सरसफाई र मरमत खर्च उपलब्ध गराइएको।
- हरेक शैक्षिक सत्रमा शिक्षक दरबन्दी मिलान गर्ने गरिएको।
- सबै सामुदायिक विद्यालयहरुमा खेल सामग्री र शैक्षिक सामग्रीहरुको व्यवस्था गरिएको।
- विद्यालयहरुमा स्यानिटरी प्याड र दिवा खाजाको समुचित बितरणको प्रबन्ध मिलाइएको छ।

**शैक्षिक सत्र- २०८१ मा माध्यमिक शिक्षाको शैक्षिक सूचकहरु**

| | |
|---|---|
| माध्यमिक तह सन्चालित सामुदायिक विद्यालय संख्या | ३ |
| माध्यमिक तह सन्चालित सँस्थागत विद्यालय संख्या | ६ |
| कक्षा ९-१० सन्चालित सबै प्रकारका विद्यालयका विद्यार्थी संख्या | ६३३ |
| कक्षा ९-१० सन्चालित सामुदायिक विद्यालयका विद्यार्थी संख्या | ४९१ |
| कक्षा ९-१० को खुद भर्ना दर | ७७.७ |
| कक्षा ९-१० को कुल भर्ना दर | ८७.५ |
| कक्षा ११-१२ को खुद भर्ना दर | ५.८ |
| कक्षा ११-१२ को कुल भर्ना दर | १२.१ |
| ४-१७ बर्ष उमेर समूहका विद्यालय बाहिर रहेका विद्यार्थी | १०.४% (८१४ जना) |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

| | |
|---|---|
| SEE परीक्षामा कक्षा १० को नेपाली विषयको औषत सिकाई उपलब्धि GPA | २.१३ |
| SEE परीक्षामा कक्षा १० को अंग्रेजी विषयको औषत सिकाई उपलब्धि GPA | २.४ |
| SEE परीक्षामा कक्षा १० को गणित विषयको औषत सिकाई उपलब्धि GPA | १.९२ |
| SEE परीक्षामा कक्षा १० को विज्ञान विषयको औषत सिकाई उपलब्धि GPA | २.१८ |
| SEE परीक्षामा कक्षा १० को सामाजिक विषयको औषत सिकाई उपलब्धि GPA | २.२१ |
| SEE परीक्षामा कक्षा १० कोऐ. प्रथम विषयको औषत सिकाई उपलब्धि GPA | २.३६ |
| SEE परीक्षामा कक्षा १० को ऐ. द्वितीय विषयको औषत सिकाई उपलब्धि GPA | २.३७ |

- **स्थानीय तहले गरेका असल अभ्यास (सबल पक्षहरु)**
- हरेक बर्ष शिक्षक दरबन्दी मिलान गरिएको,
- हरेक बर्ष विद्यार्थी कल्याणकालागि विद्यालयहरुलाई शैक्षिक सामग्री,खेल सामग्रीहरु ,होमवर्क डायरी,कापी-पेन्सिल,अंग्रेजी माध्यम पाठ्यसामग्री,कक्षा-८ र SEE परीक्षा केन्द्रित पाठ्यसामग्रीहरु तथा आबश्यकतानुसार ह्वाइट बोर्ड,डष्टबिन बितरण गर्ने गरिएको,
- सबै सामुदायिक विद्यालयहरुका कक्षा १०मा सुधारात्मक शिक्षणको व्यवस्था गर्न अतिरिक्त कक्षाको व्यवस्था गरिएको,
- विद्यालय शान्ति क्षेत्र घोषणा गरिएको,
- शैक्षिक क्यालेन्डर तयार गरी शैक्षिक सत्रको शुरुमा सबै विद्यालयहरुलाई बितरण गर्ने गरिएको,
- सबै विद्यालयहरुमा बालक्लब गठन गरिएको,
- सबै सामुदायिक विद्यालयहरुमा बाताबरण मैत्री विद्यालय फूलबारी निर्माण गरिएको,
- सबै सामुदायिक विद्यालयहरुलाई सरसफाई र मरमत खर्च दिने गरिएको,
- विद्यालयहरुमा सघन अनुगमन र निरीक्षण गर्ने गरिएको,
- मासिक रुपमा नियमित प्रधानाध्यापक बैठक गर्ने गरिएको,
- सबै सामुदायिक विद्यालयका कक्षा कोठाहरुमा पंखा जडान गरिएको,
- छात्राहरुलाई स्यानिटरी प्याड बितरण गर्ने गरिएको,
- सबै सामुदायिक विद्यालयहरुका लक्षित समूहका विद्यार्थीहरुलाई छात्रवृत्ति र सम्पूर्ण विद्यार्थीहरुलाई नि:शुल्क पाठ्यपुस्तक बितरण गर्ने गरिएको,
- भौतिक सुबिधा बिस्तारका कार्यक्रम सन्चालन गर्ने गरिएको,
- शिक्षकहरुको क्षमता अभिवृध्दि कार्यक्रम सन्चालन गरिएको,
- विद्यालय भवन र कक्षा कोठा आबश्यक संख्यामा रहेका।

**कमजोरीहरु**

- माधयमिक तहको शिक्षामा पर्याप्त बजेट व्यवस्थापन गर्न नसकिएको,
- सिकाई उपलब्धि स्तर अति न्यून रहेको,
- केहि विद्यालयहरुमा इ-हाजिरी , पर्यास फर्निचर व्यवस्थापन गर्न नसकिएको,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

चुनौतिहरु

- माध्यमिक तहका कक्षा ९-१२ मा पर्याप्त र विषयगत दरबन्दी व्यवस्था गर्न नसकिएको,
- माध्यमिक तहका विद्यार्थीहरुलाई विद्यालयमा नियमित उपस्थित गराउन नसकिएको,
- माध्यमिक तहको शैक्षिक क्षतिलाई घटाउन नसकिएको,
- अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्थाको प्रत्याभूति गराउन नसकिएको,
- माध्यमिक तह शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्न नसकिएको,
- माध्यमिक तहको शिक्षामा गैरसरकारी / निजी क्षेत्रको पर्याप्त भूमिका जुटाउन नसकिएको,
- माध्यमिक तहमा सिकाई उपलब्धिको स्तर उल्लेख्य सुधार गर्न नसकिएको,
- विद्यालय शिक्षामा अभिभावक सहभागिता वृध्दि गर्न नसकिएको,
- शिक्षकहरु द्वारा पर्याप्त शैक्षिक सामग्रीको प्रयोग ,पाठयोजना आधारित शिक्षण, होमवर्क डायरीको उपयोग, कार्यमूलक अनुसन्धान, शिक्षण योजना (TIP) मा आधारित शिक्षण, शिक्षकले कक्षाकोठामा बिताउने समयको अवस्थामा सुधार ल्याउन नसकिएको।
- विद्यालय सुपरीवेक्षण र कक्षा कोठा अवलोकनलाई संगठित,प्रणालीबध्द र नियमित बनाउन नसकिएको।

अवसरहरु

- नेपालको मौजुदा संबिधानमा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिएको,
- माध्यमिक तहसम्मको शिक्षालाई  निःशुल्क हुने संवैधानिक व्यवस्था छ।
- नेपालको मौजुदा संबिधानले माधयमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्न स्थानीय तहको एकल अधिकारको रुपमा स्थापित गरेको छ।
- शिक्षामा निजी र गैरसरकारी संघ/सँस्थाहरुको योगदान र चासो बढ्दो क्रममा छ।
- विद्यालयहरु प्रतिरक्षात्मक बन्दै गएका,सुधारोन्मुख रहेका र नयाँ अभ्यासमा उद्यत रहेका देखिन्छन्।

प्रमुख समस्याहरु

- माध्यमिक तहका कक्षा ९-१२ मा पर्याप्त र विषयगत दरबन्दी नहुनु,
- माध्यमिक तहको शैक्षिक क्षति उच्च हुनु,
- निःशुल्क माध्यमिक शिक्षाको व्यवस्थाको कार्यान्वयन गराउनु,
- माध्यमिक तह शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गराउनु,
- माध्यमिक तहको शिक्षामा गैरसरकारी / निजी क्षेत्रको पर्याप्त भूमिका जुटाउनु,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

- माध्यमिक तहमा सिकाई उपलब्धिको स्तर उल्लेख्य सुधार गर्नु,
- अभिभावक सहभागिता वृध्दि गर्न गर्नु,
- शिक्षकहरु द्वारा पर्याप्त शैक्षिक सामग्रीको प्रयोग ,पाठयोजना आधारित शिक्षण, होमवर्क डायरीको उपयोग, कार्यमूलक अनुसन्धान, शिक्षण योजना (TIP) मा आधारित शिक्षण गर्नु,
- शिक्षकले कक्षाकोठामा बिताउने समयको अवस्थामा सुधार ल्याउन ल्याउनु,
- विद्यालय सुपेरीवेक्षण र कक्षा कोठा अवलोकनलाई संगठित,प्रणालीबध्द र नियमित बनाउनु,
- प्राबिधिक तथा व्यवसायिक शिक्षा धारको शिक्षाको सहज पहुँच र अवसर को विस्तार गर्नु।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
४. प्राविधिक शिक्षाको पहुँच बिस्तार गर्नु।

### ३.३.३ रणनीति

१. विद्यालयहरुमा सुधारात्मक/उपचारात्मक शिक्षणको प्रबन्ध गरिनेछ।
२. विद्यालय वाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।
३. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ।
४. माध्यमिक तहमा विषय शिक्षकको व्यवस्था गरिनेछ।
५. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरिनेछ।
६. शिक्षकका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ।
७. शिक्षण सिकाइ पद्धतिमा सुधार ल्याई सिकाई उपलब्धि स्तरमा वृध्दि गरिनेछ।
८. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरिनेछ।
९. विद्यालयलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाइनेछ।
१०. सिकाई सुधारको लागि शिक्षण सुधार योजना (TIP) लाई पूर्ण रुपमा कार्वान्वयन गरिनेछ।
११. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गरिनेछ।
१२. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

१३. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालयको पुनर्वितरण,समायोजन तथा स्थापना गरिनेछ।

१४. विद्यालयमा सबै बालबालिकाहरुको पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५. प्रयोगात्मक कार्य र परियोजना कार्यलाई अनिबार्य बनाई सिकाईलाई ब्यवहारिक बनाइनेछ।

१६. कक्षाकोठामा प्रविधिमैत्री शिक्षण सिकाईलाई जोड दिइने छ।

१७. विषयगत पुनर्ताजगी शिक्षक तालिमको व्यवस्था गरिने छ।

१८. मासिक रुपमा विद्यार्थी हाजिरी दिन कक्षागत रुपमा प्रकाशन गरिने छ र औषत अनुपस्थिति दर हेरी निजका अभिभावक सँग भेटघाट/ अन्तरकृया कार्यक्रम सन्चालन गरिने छ।

१९. बार्षिक रुपमा विद्यार्थी नतिजा प्रकाशन अनिवार्य गरी अभिभावकलाई निजको सन्ततिको प्रगति बिबरण जानकारी गराइने छ।

२०. कम्तीमा एउटा नमुना माध्यमिक विद्यालाई नमुना माध्यमिक विद्यालयको रुपमा विकास गरिने छ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**अपेक्षित उपलब्धिहरु:**

- नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।
- सबै माध्यमिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गरी अन्य फिडर विद्यालयहरु सँग सहयोग र सहकार्यको अवधारणा विकास गरिने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा १०का विद्यार्थी उत्तीर्ण प्रतिसत | प्रतिसत | | | | | |
| २ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर | प्रतिसत | ७७.७ | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | | - | - | - | - | - |

अध्यक्ष

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | संख्या | ३ | | | | ३ |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | - | १ | | | १ | २ | ३ | |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | - | - | ३ | ५ | |
| ३ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | सघन भर्ना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | अभिभावक शिक्षा कार्यक्रम सन्चालन | संख्या | ४ | ५ | ३ | ५ | ५ | २२ | ४४ | |
| ६ | अति विपन्न तथा पिछडिएका बर्गका बालबालिकाहरुका लागि शैक्षिक सामग्रीहरु( पोशाक,झोला,स्टेसनरी) को सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयमा | संख्या | २ | ३ | ५ | २ | १ | १३ | २६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | न्युनतम भौतिक पूर्वाधार विकास( भवन तथा कक्षा कोठा,फर्निचर,शौचालय,खेल मैदान,घेराबारा,खाजा घर) | | | | | | | |
| ८ | सिकाईका लागि न्युनतम बातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | शैक्षिक सामग्रीको विकास ,बितरण तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | शिक्षक क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | नयाँ पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | आबश्यकतानुसार |
| १२ | सुधारात्मक कक्षा सन्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | नमुना माध्यमिक विद्यालय तयारी कार्यक्रम | पटक | - | - | १ | १ | १ | ३ | ८ |
| १४ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | सिकाई उपलब्धि र शैक्षिक सुशासन वृध्दिका लागि छलफल तथा अन्तरकृया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ नेपाल

अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | शिक्षकले कक्षा कोठामा बिताउने समयको पूर्ण कार्वान्वयनमा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | प्रधानाध्यापक बैठक | पटक | १२ | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| १८ | विद्यार्थीहरुको स्वास्थ्य परीक्षण (बार्षिक २ पटक) | संख्या | १० | ९ | १० | ९ | १९ | १९ | सबै | |
| १९ | स्यानिटरी प्याडको खरीद र छात्राहरुलाई बितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | बाल क्लब,स्काउट ,रेडक्रस समिति गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | शिक्षण सुधार योजना(TIP) निर्माण/समीक्षा र कार्वान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | कार्य सम्पादन मूल्याङ्कनमा उत्कृष्ट विद्यालयलाई पुरस्कार र सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | स्वयमसेवक शिक्षकको व्यवस्था | संख्या | - | १ | १ | - | - | - | २ | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

- कटहरी गाउँपालिका भरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा सेवा दिने कुनै पनि संघ /सँस्था नरहेका।
- दिगो तथासम्मानित रोजगारीका लागि सिप परियोजना (INSURE) ले यस गाउँपालिकाका युबाहरुका लागि १० महिने लेभल-२ को प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको सहयोग गर्दै आएको। जस अनुसार आ.व. २०७९/०८० मा २० जना ,आ.व. २०८०/०८१ मा ४० जना र आ.ब. २०८१/०८२ मा ४० जनाले कुक,विल्डिंङ इलेक्ट्रिसियन र कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङमा तालिमको ऊवसर पाएका छन्।
- प्राविधिक तथा व्यवसायिक तालिमहरुका लागि प्रचार,प्रसार गरिएको,विज्ञापन गरिएको तर पर्याप्त निवेदन नपरेको अवस्था देखिन्छ।
- प्राविधिक तथा व्यवसायिक तालिमहरुका सहभागीहरु वीचैमा छोड्ने र पूरा समय तालिममा नरहने देखिएको छ।
- स्थानीय तहले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा छात्रवृत्तिको समेत व्यवस्था पनि गर्ने गरेको छ।

### प्रमुख समस्या र चुनौती

#### चुनौति

- तालिम प्राप्तहरु सबैलाई रोजगारीको अवसर उपलब्ध गराउन नसक्नु,
- प्राविधिक तथा व्यवसायिक तालिमबाट पाउन सक्ने रोजगारीले सम्मान पाउन नसक्नु,
- प्राविधिक तथा व्यवसायिक तालिम अवधिभर सबैलाई टिकाउन नसक्नु,
- यस प्रकारका तालिमका सहभागीहरु प्रायः कमजोर आर्थिक स्थितिका भएकाले र दैनिक मजदूबाट गुजारा गर्नपर्ने भएकोले सहभागी जुटाउन नसक्नु र जुटेकोमा पनि टिकाउन नसक्नु।
- आर्थिक अवस्था कमजोर भएका सहभागीहरुका लागि पर्याप्त छात्रवृत्तिको प्रबन्ध गर्न नसक्नु।

### ३.४.२ उद्देश्य

१. लक्षित समूहका सबै नागरिकहरुका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसर सुनिश्चित गर्ने

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउने

३. प्राविधिक तथा सिपमूलक शिक्षामा जोड दिनु।

४. प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्नु।

अध्यक्ष

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

३.४.३ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ५% प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने ,
२. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तार गर्ने ।
३. स्थानीय पाठ्यक्रममा सिप र व्यवसायमूलक विषयहरु समावेश गर्ने।

**३.४.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ५ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | संख्या | ० | -- | - | - | १ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | संख्या | ४० | ४० | ४० | ४० | ४० |

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल

अध्यक्ष.

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विद्यार्थीका लागि छात्रवृत्तिका अवसर | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

- स्थानीय तहमा निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको सँस्थागत शुरुवात भएको पाईँदैन।
- राष्ट्रिय जनगणना,२०७८ अनुसार कटहरी गाउँपालिकाको साक्षरताको अवस्था निम्नानुसार रहेको छ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
कोशी प्रदेश, नेपाल



CamScanner

| क्र.स. | बिबरण | प्रतिसत |
|---|---|---|
| १ | साक्षरता दर | ७१.२ |
| २ | पुरुष साक्षरता दर | ७८.२ |
| ३ | महिला साक्षरता दर | ६४.१ |
| ४ | पढ्न मात्र जान्ने पुरुष | ०.२ |
| ५ | पढ्न मात्र जान्ने महिला | ०.२ |
| ६ | पढ्न मात्र जान्ने जम्मा | ०.२ |
| ७ | पढ्न र लेख्न नजान्ने पुरुष | २१.५ |
| ८ | पढ्न र लेख्न नजान्ने महिला | ३५.७ |
| ९ | पढ्न र लेख्न नजान्ने जम्मा | २८.६ |

- स्थानीय तहमा विभिन्न किसिमका सिप विकासको अवस्था : सिलाई-कटाई,ब्युटीपार्लर,प्लम्बिङ,इलेक्ट्रिसियन, सिकर्मी,डकर्मी आदि सिप भएका व्यक्तिहरु पाइन्छन्।
- कटहरी गाउँपालिकामा रहेको एक मात्र सिकाई केन्द्र निष्क्रिय अवस्थामा रहेकोमा यसलाई ठाउँसारी गरिएको र कार्यमुखी बनाइएको छ। हाल आदर्श कटहरी सामुदायिक सिकाई केन्द्रको नाममा कटहरी गाउँपालिका वडा नं. १ को कार्यालय सँगै श्री गणेश प्राथमिक विद्यालय समायोजन भई बन्द रहेको भवनमा सन्चालनमा आएको छ।
  यस सामुदायिक सिकाइ केन्द्रको भरखरै अधिवेशन सम्पन्न भएकोले उल्लेखनीय रुपमा अनौपचारिक शिक्षाको क्षेत्रमा गरेका कार्यक्रम सन्चालन भएका छैनन्।
- सामुदायिक पुस्तकालय सञ्चालन : आदर्श कटहरी सामुदायिक सिकाई केन्द्रको नाममा कटहरी गाउँपालिका वडा नं. १ को कार्यालय सँगै (श्री गणेश प्राथमिक विद्यालय समायोजन भई रित्त रहेको भवनमा) हाल पुस्तकालय र वाचनालय शुरु भएको अवस्था छ।
- स्थानीय तहले अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रवर्द्धनका लागि गरेका असल अभ्यासः मोरङ जिल्ला साक्षर जिल्ला घोषणा हुने क्रममा कटहरी गाउँपालिका साक्षर गाउँपालिका घोषणा भइसकेको अवस्था छ।

## चुनौती तथा अवसर

- साक्षर जिल्ला घोषणा भइसकेको भएता पनि राष्ट्रिय जनगणना,२०७८ अनुसार अझै पनि करीब २९% कटहरीवासीहरु निरक्षर छन्।
- साक्षरता र निरन्तर शिक्षाको क्षेत्रमा कसैले चासो दिएको र लगानी गरेको देखिँदैन।
- एकपटक साक्षर भएका व्यक्तिहरु विष्मरणको कारण र दीगो सिकाइ नभएको कारण निरक्षर हुँदै गएको पाइन्छ।
- एक मात्र सामुदायिक सिकाई केन्द्र केहि बर्षदेखि बन्द अवस्थामा रहेकोमा हालसालै सन्चालनमा ल्याइएको छ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

- साक्षरतालाई सिप र रोजगार सँग जोड्न सकिएको छैन।
- विद्यालय छोडेकाहरुका लागि वैकल्पिक शिक्षा कार्यक्रम सन्चालनमा ल्याउन सकिएको छैन।
- सामुदायिक सिकाई केन्द्रलाई सशक्त बनाउन सकिएको छैन।
- साक्षरता,निरन्तर शिक्षा र वैकल्पिक शिक्षा कार्यक्रमहरु सामुदायिक सिकाई केन्द्र मार्फत सन्चालन गर्न सकिने अवस्था रहेको छ।
- निजी तथा गै.स.स. हरुको सहयोग जुटाउन सकिने अवस्था छ।
- नेपालको संबिधान,२०७२ ले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ।

३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ,

२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।

३.५.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने

२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

३. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने

४. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने

५. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने

६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

नतिजा तथा परिमाणात्मक लक्ष्य

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | | | | | | |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) (%) | ७१.२ | ७४ | ७७ | ८० | ८३ | ८६ |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | - | १ | - | - | - | १ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | - | १ | - | - | - | १ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | - | १ | - | - | - | - | २ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ७ | ५ | ५ | ५ | ७ | २९ | ५८ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | १ | ६ | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

- कटहरी गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र मूल्याङ्कन प्रकृया अवलम्बन गर्दै आएको स्थिति छ। विद्यालय शिक्षाको मार्गदर्शक दस्तावेजको रुपमा रहेको वि.सं. २०६३ मा प्रकाशित राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरुप गर्दै आएकोमा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई हाल सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ कार्वान्वयन भइरहेको अवस्था छ।
- नयाँ पाठ्यक्रम सँगै आधारभुत तह कक्षा १-३ मा सिकाई वृध्दि गर्नको लागि थिमगत मूल्याङ्कन तथा व्यवहारकुशल सीपको अवधारणा ल्याइएको छ भने आधारभुत तह कक्षा ४-८ मा क्रमशः ५०/५०% आन्तरिक र वाह्य वा सैध्दान्तिक मूल्याङ्कन को अवधारणा कार्वान्वयनमा छ। माध्यमिक तहको कक्षा ९-१२ को मूल्याङ्कन आनतरिक र वाह्य मूल्याङ्कन क्रमशः २५ र ७५% रहेको छ।
- तर पन अपेक्षाकृत रुपमा प्रभावकारी रुपमा पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको कार्यान्वयन हुन सकेको छैन।
- आधारभुत तहमा स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्न आबश्यक छ।
- कक्षा ५ र ८ को स्तरीकृत परीक्षा सन्चालन गर्ने गरिएको छ।

**चुनौती**

- नयाँ पाठ्यक्रम कारवान्वयनका लागि प्रबोधीकरण र क्षमता विकास कार्यक्रम सन्चालन गर्नु,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गर्नु र कार्वान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रमलाई सिपमूलक,नैतिक तथा वातावरण स्वास्थ्य शिक्षा,योग शिक्षा,सडक नियमहरु जस्ता व्यवहारमुखी विषयहरु समावेश गर्नु,
- पाठ्यक्रमले तोके अनुसारको मूल्याङ्कन प्रणाली कार्वान्वयन गर्नु,
- विद्यालय तहको परीक्षालाई थप प्रभावकारी बनाउनु,
- स्तरीकृत परीक्षा समेतको व्यवस्थापन गर्न आर्थिक समस्या हुनु,
- परियोजना कार्य र गृहकार्यलाई व्यवस्थित गर्न नसक्नु,
- मूल्याङ्कनलाई विश्वसनीय र वैध वनाउन नसक्नु।

**अवसर**

- कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा सन्चालन गरी विद्यार्थीहरुको सिकाई अवस्थाको मूल्याङ्कन गर्ने गरिएको,
- स्थानीय पाठ्क्रममा समुचित रुपमा बातावरण,सरसफाई,उद्यमशीलता,व्यवहारिक ज्ञान र सीप,उत्पादकत्व ,श्रमको अभ्यास जस्ता विषयलाई स्थापित गरिएको।
- स्तरीकृत परीक्षा समेतको व्यवस्थापन गर्न कार्यविधि तयार गरिएको।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

**प्रमुख समस्या**

- मूल्याङ्कनलाई विश्वसनीय र वैध वनाउन नसक्नु,

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन र्नु

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गरिनेछ,

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्वन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिनेछ,

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गरिनेछ,

४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ,

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ,

६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिनेछ,

७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिनेछ,

८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गरिनेछ,,

९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने छ ,

१०. स्थानीय पाठ्यक्रमलाई सिपमूलक,नैतिक तथा वातावरण स्वास्थ्य शिक्षा,योग शिक्षा,सडक नियमहरु जस्ता व्यवहारमुखी विषयहरु लाई प्राथमिकता दिइने छ।

११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिनेछ,

१२. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गरिनेछ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष.

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

४.१.४ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | | १९ | १९ | १९ | १९ | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | | १९ | १९ | १९ | १९ | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | ० | ० | ० | ० | ० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १९ | १९ | १९ | १९ | १९ | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १९ | १९ | १९ | १९ | सबै |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

CamScanner

### ४.१.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | सबै | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | बर्षमा ३ पटक | वर्षमा ३ पटक | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | ० | १ | - | - | - | | १ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

कटहरीमा तहगत तथा विषयगत रूपमा उपलब्ध शिक्षकको सङ्ख्या

| क्र.स. | प्राथमिक तह | | | निम्न माध्यमिक तह | | | माध्यमिक तह (९-१०) | | | मा. (११-१२). |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | करार | राहत | स्थायी | करार | राहत | स्थायी | करार | राहत | राहत |
| | ६७ | ५ | ३३ | १५ | २ | ३ | १२ | ० | ३ | |
| जम्मा | १०५ | | | २० | | | १५ | | | २ |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

शिक्षकको आपूर्ति र वितरण तथा शिक्षक व्यवस्थापनको अवस्था

- कटहरी गाउँपालिकामा करार शिक्षक नियुक्ति सम्बन्धमा कार्यबिधि तयार भएको छ र सोही बमोजिम कार्य भइरहेको अवस्था छ।
- हरेक बर्ष शिक्षक दरबन्दी मिलान कार्य हुने गरेको छ।

प्रमुख समस्या र चुनौति

- शिक्षण पेशालाई सबैको रोजाईको पेशाका रुपमा विकास गर्नु,
- विषयगत शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
- दरबन्दी मिलान गर्नु,
- शिक्षकले शिक्षण गर्नु अघि पूर्व तयारी गर्ने बानी बसाउनु,
- शिक्षकलाई पेशागत विकासमा कृयाशील बनाउनु,
- शिक्षकको पेशागत सहयोग प्रणालीको विकास गर्नु,
- सही शिक्षण बिधिको कार्वान्वयन
- शिक्षकबाट शैक्षिक सामग्रीको संकलन,निर्माण र प्रयोगको सुनिश्चित गर्नु
- शिक्षकबाट पाठ योजना, शिक्षण सुधार योजना (TIP) तयारी गर्नु।

### ४.२.२ उद्देश्य

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु

३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ,

२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गरिनेछ,

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गरिनेछ,

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने छ,

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,

६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ,

अध्यक्ष

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।

२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष.

| कसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | २५% | २५% | १०% | १०% | १०% | ५५% |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ० | १ | १ | १ | ३ |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | शिक्षक नियुक्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | प्रधानाध्यापक बैठक | पटक | १२ | १२ | १२ | १२ | १२ | १२ | १२० |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धिका लागि लगबुक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग प्रणालीको | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| | कार्यान्वयन वा स्रोतविज्ञको नियुक्ति र परिचालन | | | | | | | | | |
| ५ | बार्षिक शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्वयमसेवक शिक्षकको नियुक्ति | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्वान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | दैनिक पाठयोजनाको निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | कार्यमूलक अनुसन्धान तयारी र प्रस्तुति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | शिक्षक पुरस्कार र सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | कक्षा अवलोकन,पृष्ठपोषण र नमुना पाठ प्रदर्शन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | शैक्षिक भ्रमण/अन्तरकृया | संख्या | २० | २० | २० | २० | २० | १०० | १४० | |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

## ४.३ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.३.१ वर्तमान अवस्था

**विद्यालयमा दिवा खाजा प्राप्त गर्ने कक्षा र खाजाको व्यवस्थापन**

- नेपाल सरकारबाट प्राप्त दिवा खाजा शीर्षकको अनुदान रकम विद्यार्थीको उपस्थितिको आधारमा विद्यालयमा निकासा दिने गरिएको छ।
- दिवा खाजा खानका लागि टिफिन बक्स सबै विद्यार्थीहरुलाई वितरण गरिएको छ।
- खाजा र पोषण सम्बन्धमा प्रधानाध्यापकहरुलाई अभिमुखीकरण गरिएको छ।
- दिवा खाजाको विविधताको लागि विद्यालयहरुलाई दैनिक-तालिका समेत उपलब्ध गराइएको छ।

**विद्यालयमा सरसफाइ तथा स्वच्छताको अवस्था**

- विद्यालयहरुलाई सरसफाई गर्न बार्षिक रकम उपलब्ध गराउने गरिएको छ।
- विद्यालयमा फूलबारी र वृक्षारोपणको व्यवस्था गरिएको छ।
- वृक्षारोपण,फूलबारी व्यवस्थापन जस्ता कार्यहरुलाई विद्यालय कार्य सम्पादन मूल्याङ्कन सँग जोडिएको छ।

**चुनौती र अवसर**

- खाजा रकम दर न्यून छ,
- स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीलाई दिवा खाजामा प्राथमिक स्थान दिनु,
- दिवा खाजामा विविधता दिनु,
- दिवा खाजामा पोषण ( पौष्टिक तत्वहरुको सन्तुलन तथा क्यालोरी) को दृष्टिकोणले उपयुक्त बनाउनु।

### ४.३.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.३.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ,
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गरिनेछ,
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिनेछ,

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनेछ,

५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिइने छ,

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिनेछ,

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाइने छ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा सुरम्य सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १०४ | १०४ | १०४ | १०४ | १०४ | १०४ |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ३ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका | २२ | २२ | २२ | २२ | २२ | २२ |

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष



CamScanner

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | |
| ४ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | | | | | | |

## ४.४ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.४.१ वर्तमान अवस्था

**बालमैत्री र विपत् उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरणको अवस्था**

- कोभिड -१९ महामारीको समयमा अतिरिक्त तथा अनलाइन कक्षाको व्यवस्था गरिएको,
- हाल बनेका विद्यालयहरुका भवनहरु भूकम्प प्रतिरोधी मापदण्ड अनुरुप बनाइएका,
- महामारीको समयमा आवश्यक सामग्री( साबुन,स्यानिटाइजर ,थर्मोमिटर,मास्क आदि)को व्यवस्था गरिएको,

चुनौती र अवसर

- बाढीको समयमा आवश्यक सहयोग गर्न नसकिएको,
- बाढी र महामारीमा विद्यालयहरु नै अस्थायी आवासका रुपमा प्रयोगमा ल्याइएको।
- गाउँपालिका स्तरमा बिपद प्रतिकार्य समिति बनेको र बिपद प्रतिकार्य योजना बनेको।

### ४.४.२ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ,

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ,

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अध्यक्ष

४.४.३ रणनीति

